
# सन्तान लिएर आउनु भएका बिदेशी बासिन्दाहरुको लागी जानकारी



साइतामा शहरमा बस्ने विदेशी बासिन्दाहरू यहाको सार्वजनिक प्राथमिक र माध्यमिक बिद्यालयहरूमा अध्ययन गर्न सक्नु हुन्छ्।
※यो 「रेजिडेन्स कार्ड」 वा 「विशेष स्थायी बासिन्दा प्रमाणपत्र」 प्राप्त नगरेका र बसोबास रेकर्ड दर्ता गर्न नसक्ने व्यक्तिहरूमा पनि लागू हुन्छ।


◇सर्तहरु

१) साइतामा सहरमा बसोबास भएको
२) बिद्यालय जाने उमेरको （※）बालबालिकाहरु
※ २०२५ को अप्रिल पछि २०२६ को मार्च सम्ममा बिद्यालय जाने उमेरका व्यक्तिहरु
२०१३ को अप्रिल २ देखि २०१९ को अप्रिल १ सम्ममा जन्मेका व्यक्तिहरु चाही प्राथमिक बिद्यालयमा
२०१० को अप्रिल २ देखि २०१३ को अप्रिल १ सम्ममा जन्मेका व्यक्तिहरु चाही माध्यमिक बिद्यालयमा

◇प्रक्रियाहरुको लागि,स्थानीय वडा कार्यालयको बासिन्दा मामिला बिभागमा जानुहोस् र आफ्नो बसोबास रेकर्ड दर्ता गरी सार्वजनिक प्राथमिक वा माध्यमिक स्कूलमा पढ्न चाहने कुरा बताउनुहोस्।

◆आफ्नो बसोबास प्रमाणपत्र दर्ता गर्न नसक्नेको लागि प्रक्रियाहरू

१) कुन ठाउमा: साइतामा सहर शिक्षा बोर्ड शैक्षिक मामिला विभाग
उरावा वार्ड तोकिवा ६－४－४
साइतामा सहर सिटि अफिस दाइ नी बेक्खान पहिलो तला
२) बोकेर ल्याउने चिज: १) पासपोर्ट
२) बसीरहेको स्थान थाहा पाउने चिज
（अपार्टमेन्टको कन्ट्रयाक्ट आदि）



◇ध्यान राख्नु पर्ने कुराः
१) तपाईं बस्ने ठाउँको, तोकिएको विद्यालयमा पढ्न सक्नुहुन्छ।
२) अभिभाबकले प्रक्रिया पुरा गर्नुहोस।
३) जापानको बालबालिका संगै पढाई गरिन्छ।
४) भर्ना शुल्क या शैक्षिक शुल्क लाग्दैन।
५) स्कूल जाने उमेर भन्दा माथिकाहरू भने योग्य मानिने छैनन्।



◇ सोधपुछ:
साइतामा सहर शिक्षा बोर्ड शैक्षिक मामिला विभाग　फोन　०४८－८२९－१६४८